# मैवाखोला गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## साँघु, ताप्लेजुङ
स्थापनाः २०७३

१ नं. प्रदेश नेपाल

लिका बैठक) मितिः२०८०/०१/२६

रू समयः विहान ११ बजे बैठक संख्याः १९ औं

अध्यक्षताः विजय प्रकाश वनेम

उपस्थितिः

| नामथर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री विजय प्रकाश वनेम | अध्यक्ष | |
| श्री कमल कुमारी लिम्बु | उपाध्यक्ष | |
| श्री चन्द्र कुमार तामाङ | १ नं. वडाध्यक्ष | |
| श्री नरेन्द्र लिम्बु | २ नं. वडाध्यक्ष | |
| श्री खगेन्द्र थक्लुङ | ३ नं. वडाध्यक्ष | |
| श्री फुर्वा शेर्पा | ४ नं. वडाध्यक्ष | |
| श्री केशर लिम्बु | ५ नं. वडाध्यक्ष | |
| श्री राजुमान लिम्बु | ६ नं. वडाध्यक्ष | |
| श्री रिता शेर्पा | सदस्य | रिता शेर्पा |
| श्री पासाङ ग्याल्बु शेर्पा | सदस्य | |
| श्री बिनु लिम्बु | सदस्य | |
| श्री तुलसा नराईली | सदस्य | |
| श्री सुनिता फागो | सदस्य | |
| श्री नर कुमारी लिम्बु | सदस्य | |
| श्री सरेश लिम्बु | कार्यवाहक अध्यक्ष (वडा नं. ५) आमन्त्रित | |
| श्री लक्ष्मी माया गोम्देन | सदस्य सचिव | |

**मैवाखोला गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**साँघु, ताप्लेजुङ**
**स्था: २०७३**

पत्र संख्या:- २०७९/८०

(१.नं. प्रदेश नेपाल)

चलानी नं:-

मिति:-२०८०/०१/२६

मैवाखोला गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८०/०१/२६गते बसेको १९ औँ बैठकको निर्णयहरू

| सि.नं. | निर्णय विवरणहरू | कैफियत |
|---|---|---|
| १ | कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा गठन तथा सञ्चालन अध्यादेश २०८० को दफा ८ को उपदफा १६ बमोजिम यस कार्यालयमा मिति २०७६ साल माघ १९ गतेदेखि कार्यरत अधिकृतस्तर छैटौं तहको कर्मचारी शिक्षा अधिकृत श्री लक्ष्मीमाया गोम्देनलाई अधिकृस्तर सातौं तहमा तह वृद्धि गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो। | |
| २ | कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा गठन तथा सञ्चालन अध्यादेश २०८० को दफा २८ को उपदफा३ बमोजिम कार्यालयका कर्मचारीको तह वृद्धिका लागि सिफारिस गर्न निम्न बमोजिमको सिफारिस समिति गठन गर्ने निर्णय गरियो।<br>क) अध्यक्षः श्री लक्ष्मीमाया गोम्देन (नि.प्र.प्र.अ)<br>ख) सदस्यः सुभास चन्द्र झा (अधिकृत स्तर छैटौं)<br>ग) सदस्यः प्रेम ब. कार्की (आ.ले.प. पाँचौं) | |
| ३ | मैवाखोला गाउँपालिकाद्वारा बालमैत्री स्थानीय शासनको अवलम्बन गरिएको र बालमैत्री स्थानीय शासन कार्यक्रमको प्रवर्धन निर्धारण गरेका सूचकहरू पूरा गर्न स्थानीय तहमा रहेका सम्पूर्ण सरोकार पक्षसँग समन्वय तथा सहकार्य गर्न बालमैत्री डेक्स स्थापना गरी सम्पर्क व्यक्तिको रूपमा यसै कार्यालयमा पञ्जीकरण शाखामा फिल्ड सहायक पदमा कार्यरत श्री अनिल तामाङलाई तोक्ने निर्णय गरियो। | |

| | | |
|---|---|---|
| ४ | मैवाखोला गाउँपालिका भित्र रहेका विद्यालय स्तरमा बालक्लब गठन गरी उनीहरूको प्रतिनिधित्वमा वडास्तरीय बालक्ब सञ्जाल गठन गर्ने स्वीकृत ढाँचामा बालक्लबको सूचीकृत तथा अभिलेखीकरण अध्यावधिक गर्ने निर्णय गरियो । | |
| ५ | बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणाका लागि सूचक पूरा गर्न र बालमैत्री बानी व्यवहार प्रवर्द्धन गर्ने कार्यमा सहयोग पुर्याउन गाउँपालिकाले आफ्नो स्रोतबाट १० प्रतिशत बालबालिकाको क्षेत्रमा लगानी गर्ने निर्णय गरियो । साथै बालबालिकाको वस्तुगत विवरण तयार गर्ने निर्णय गरियो । | |
| ६ | गरिब, जोखिम र विपदमा परेका बालबालिकाको उद्धार र संरक्षणका लागि मैवाखोला गाउँपालिकामा आर्थिक वर्ष २०८०\८१ को बजेटमा बालकोषको स्थापना गर्ने र बालकोष सञ्चालन कार्यविधिको खाका तयारीको लागि संयोजनका रूपमा निर्माण गर्न बालमैत्री अभियान्ता सुमन ढकाललाई अनुरोध गर्ने निर्णय गरियो । | |
| ७ | बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्नका लागि तपशील बमोजिम प्राथमिकीकरण गर्ने निर्णय गरियोः<br>क) वडा नं.१<br>ख) वडा नं.२<br>ग) वडा नं.३<br>घ) वडा नं.४<br>ङ) वडा नं.५<br>च) वडा नं.६ | |
| ८ | यसै मैवाखोला गाउँपालिकाभित्र स्वास्थ्य शाखामा कार्यरत कर्मचारी सुभेच्छा गुरुङले मिति २०८०\०१\२१ गतेको राजिनामा माग निवेदन र साँघु स्वास्थ्य चौकीमा अहेब पदमा कार्यरत आशिष बोहोराले पेश गरेको मिति २०८०\०१\२१ गतेको राजिनामा माग निवेदन अनुसार निज कर्मचारीहरूको राजिनामा यही वैशाख ३१ गतेदेखि लागु हुने गरी स्वीकृत गर्ने निर्णय गरियो । | |
| ९ | ताप्लेजुङ सरोकार केन्द्र, काठमाडौँद्वारा मिति २०७९\१२\२९ गतेको पत्रानुसार ताप्लेजुङको पर्यटन, कृषि, शिक्षा, संस्कृति, जलस्रोत साथै जिल्लाको ऐतिहासिक तथा महत्वपूर्ण सम्पदा लगायत ताप्लेजुङ समग्र | |

| | | |
|---|---|---|
| | पक्षको चित्रण गर्ने एउटा किताब "स्मारिका" प्रकाशन गर्नका लागि आर्थिक सहयोग माग भए बमोजिम आजको बैठकबाट विविध खर्च शीर्षकबाट रु १०००००(अक्षरेपी एक लाख मात्र) दिने निर्णय गरियो। | |
| १० | समुदाय परिचालन तथा विकास मञ्च फु.न.पा-५, ताप्लेजुङद्वारा ताप्लेजुङ जिल्लाको शक्तिपीठ पाथीभरा देवीको धार्मिक तथा पर्यटन प्रवर्द्धन गर्ने उद्धेश्यले फु.न.पा.-५ स्थित सामुदायिक भवन सिटीहलमा पाथीभरा श्रीमदभागवत सप्ताह पुराणका लागि मैवाखोला गाउँपालिकाको तर्फबाट रु १,५५,००० (रु एक लाख पचपन्न हजार रुपैँया) सहयोग प्रदान गर्ने निर्णय गरियो। | |
| ११ | मिति २०८०\०१\०८ गते राती ८३० बजे अविरल पानीसँगै आएको हावाहुरीले ढुङ्गा माटोले बनेको २ तले घरको पर्खालमा समेत क्षति पुर्याएको भनी १ नं. वडाको सिफारिस र प्रहरी सर्जिमिन सहित मैवाखोला गाउँपालिका वडा नं. १ निवासी दा खाण्डु शेर्पाद्वारा सहयोग माग भए बमोजिम रु ३०,००० विपद सहयोग कोषबाट सहयोग गर्ने निर्णय गरियो। | |
| १२ | मिति २०८०\०१\११ गते साग्फारा टोलमा अचानक आगलागी भई कृषि सिँचाई कुलोको नाला (पाइप) र साग्फारा खानेपानीको पाईप तथा भौतिक वस्तुहरू आगलागी भई नष्ट भएकाले सो क्षति पुर्याएको भनी १ नं. वडाको सिफारिस र प्रहरी सर्जिमिन सहित क्षतिपूर्ति राहत माग भए बमोजिम रु १२०,००० (अक्षरेपी एक लाख बीस हजार मात्र) विपद सहयोग कोषबाट राहत स्वरूप सहयोग गर्ने निर्णय गरियो। | |
| १३ | मैवाखोला गाउँपालिका वडा नं. ३ निवासी उषा खतिवडाको नाममा रहेको कि.न. ४५०बाट १ रोपनी र मैवाखोला गाउँपालिका वडा नं. ३ निवासी भेष बहादुर तामाङको नाममा रहेको कि.नं. ५४० र ५५५ बाट १ रोपनी जग्गा बस पार्क निर्माणका लागि मैवाखोला गाउँपालिकाको नाममा निःशुल्कग्रहण गर्ने निर्णय गरियो। | |
| १४ | मैवाखोला गाउँपालिकाको वडा नं. २ को प्राथमिक स्वास्थ्य केन्द्र नजिक हस्पिटल निर्माणको क्रममा सामन ढुवानी गर्न सडक निर्माण गर्दा २०४३ सालको नापीमा कायम रहेको खन्देमा कुलो ध्वस्त भएको भनी तेम्बे डाँडा गाउँको माइनोट र अनुगमन समितिको रिपोर्ट सहित मिति २०८०\०१\२४ गतेको निवेदन अनुसार सिँचाई मर्मतका लागि | |

| | | |
|---|---|---|
| | पाइप खरिदका लागि रु २५ हजार रुपैँया सडक पूर्वाधार तर्फको कन्टिन्जेन्सी रकमबाट उपलब्ध गराउने निर्णय गरियो। | |
| १५ | मैवाखोला गाउँपालिका वडा नं. ३ निवासी श्री गणेश कुमार लिम्बुको बुहारी श्री दिलकुमार लिम्बुको श्रीमती श्री जोनी कुमारी लिम्बु स्तनक्यान्सरबाट पीडित भई अप्रेशन पश्चात् उपचारको क्रममा रहेकोले उपचार खर्चका लागि वडा नं. ३ को सिफारिस लगायत हस्पिटलको रिपोर्ट सहित राहत सहयोग मिति २०८०\०१\२५ गतेको निवेदन पेश भए बमोजिम रु १००००० (अक्षेरपी एक लाख रुपैँया मात्र) राहत स्वरूप निज बिरामीलाई दिने निर्णय गरियो। | |
| १६ | मैवाखोला गाउँपालिका वडा नं. ४ निवासी श्री विवस तामाङ वि.पी. कोइराला मेमोरियल क्यान्सर रोग प्रमाणित भई उपचारको क्रममा रहेकाले थप उपचारका लागि वडा नं. ४ को सिफारिस लगायत हस्पिटलको रिपोर्टसहित राहत सहयोग मिति २०८०\०१\२१ गतेको निवेदन पेश भए बमोजिम रु १००००० (अक्षेरपी एक लाख रुपैँया मात्र) राहत स्वरूप निज बिरामीलाई दिने निर्णय गरियो। | |
| १७ | मैवाखोला गाउँपालिकाको कार्यालय अन्तरगत योजना शाखामा सब-इन्जिनियर चौथो तहमा कार्यरत श्री विजयकुमार चोङ्बाङ र श्री इनुषा न्यौपाने २०७९ फागुन १५ गतेदेखि यस कार्यालयमा विदा स्वीकृत नगरी गयल रही विदेश भ्रमणमा रहेको सूचना प्राप्त भएकाले निज कर्मचारीहरूलाई सोको स्पष्टीकरण माग गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो। | |
| १८ | स्थानीय बालमैत्री शासन तथा योजना तर्जुमा कार्यक्रम सञ्चालनका लागि शिक्षक अभिभावक तथा विद्यार्थीहरूलाई जनप्रतिनिधिसँग अभिमुखीकरण शीर्षकबाट रु १४९२५०( अक्षेरपी रु एक लाख उन्पचास हजार दुईसय पचास र अतिरिक्त क्रियाकलाप शीर्षकबाट ३६२०० (अक्षेरपी छत्तीस हजार दुई सय मात्र)रकम रकमान्तर गरियो। | |
| १९ | उत्कृष्ट कर्मचारी, प्र.अ, शिक्षक तथा विद्यार्थी पुरस्कार शीर्षकबाट बैशाख २६,२७, र २८ गतेदेखि हुने शैक्षिक भ्रमण कार्यक्रमका लागि रू १०००००\- (एक लाख मात्र) खर्च गर्ने निर्णय गरियो। | |
| २० | स्थानीय भत्ता तथा स्थायी कर्मचारी खर्च शीर्षकबाट रु १०,०००००\- (दश लाख मात्र) रकम विविध शीर्षकमा रकमान्तर गर्ने निर्णय गरियो। | |